-स्वच्छ, सुन्दर र समुन्नत शहर सर्लाहीको शान लालबन्दी नगर-

# लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:info@lalbandimun.gov.np
maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## पुरानो घर तथा संरचनाहरु अभिलेखिकरण गर्ने सम्बन्धी सूचना ।

(सूचना प्रकाशन मिति: २०८२/१२/१५)

लालबन्दी नगरपालिका क्षेत्रभित्र विगतका वर्ष देखि हालसम्म निर्माण सम्पन्न भएका तर यस नगरपालिकाबाट नियमानुसार नक्सापास नभएका सबै प्रकारका पक्की घर तथा संरचनाहरु अन्तिम पटकको लागि वि.सं. २०८२ असार मसान्तभित्र नाप नक्शा तयार गरी यस नगरपालिकामा अभिलेखीकरण गर्ने नगरसभाबाट निर्णय भएको हुँदा तोकिएको समय सीमाभित्र आफुले निर्माण गरेको पक्की घर तथा संरचनाहरुको अभिलेखीकरण कार्यको लागि देहाय अनुसारको कागजातहरु संलग्न गरी यस कार्यालयको नक्सापास इकाइमा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको समय सीमापछि कुनै पनि पक्कि घर र संरचनाहरुको अभिलेखीकरण नहुने व्योहोरा समेत यसै सूचना मार्फत सबैमा जानकारी गराईन्छ।

**आवश्यक कागजातहरू:**

१. जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) को प्रमाणित प्रतिलिपि

२. चालु आर्थिक वर्षसम्मको मालपोत तिरेको रसिदको प्रतिलिपि

३. जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

४. कित्ता स्पष्ट देखिएको नापी नक्सा (ब्लु प्रिन्ट)

५. हालसाल खिचेको पासपोर्ट साइज फोटो-२ प्रति

६. अभिलेखीकरण गर्न लागिएको घरको नक्सा (यस नगरपालिकामा सूचिकृत भएका डिजाइनर/इन्जिनियरको हस्ताक्षर र फर्मको छाप सहित) - २ प्रति

७. प्राविधिकबाट गरिएको स्थलगत निरीक्षण प्रतिवेदन

८. विगतका वर्ष देखि हालसम्म निर्माण सम्पन्न भएको र भवनले प्रचलित मापदण्ड (सडक, सार्वजनिक क्षेत्र, नाला, ढल, एलाइन्मेन्ट आदि) उल्लंघन नगरेको बेहोरा खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

९. अभिलेखीकरणको लागि सम्वन्धित प्राविधिक शाखाको सिफारिसमा राजश्व शाखावाट राजश्व दस्तुर दाखिला स्थानिय सरकार संचालन ऐन २०७४, परिच्छेद ७, दफा ४२(घ) वमोजिम हुनेछ ।

*पुनश्च : अभिलेखिकरण सम्बन्धी थप कुराहरु बुझ्नु परेमा ९८४४१६९१० मा सम्पर्क गरी बुझ्न सकिनेछ।*

२०८२/१२/१५

प्रमुख प्रशासकीय अधिकृत